**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १४ जनवरी २०२६**
**समयः १८:५० - १९:०० बजे**

**मुख्य समाचार**

- आज मकर संक्रांतिको पावन अवसरमा राज्यभरिका नदिहरुको घाटमा श्रद्धालुहरुको भारी भीड़ देखियो। मुख्यमंत्री ममता बनर्जीले शुभकामना दिनु भएको छ।

- उत्तर 24 परगनाको बारासात स्थित एक निजी अस्पतालमा निपाह वायरसबाट संक्रमित दुइ नर्सहरुको अवस्था अत्यंत गंभीर रहेको बताइएको छ।

- राज्यमा चलीरहेको विशेष गहन पुनरीक्षण अवधि हालसम्म11 हजार भन्दा अधिक 'अवैध' मतदाताहरुको पहिचान गरिएको छ।

- भारत-नेपाल सीमामा सशस्त्र सीमा बल (एसएसबी)ले एक नेपाली नागरिकलाई दोहोरो नागरिकताको आरोपमा पक्राउ गरेको छ।

- गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले एक बिज्ञप्ति जारी गर्दै श्रम मन्त्रीलाई 58 वर्ष भन्दा माथिका चिया बगान श्रमिकहरूलाई पेन्सन लाभको अनुरोध गर्दै पत्राचार गरेको जानकारी गराउनु भएको छ।

**मकर संक्रांति**

आज मकर संक्रांतिको पावन अवसरमा राज्यभरिका नदिहरुको घाटमा श्रद्धालुहरुको भारी भीड़ देखियो। पुण्य अर्जनको कामना लिएर बिहानदेखि नै मानिसहरु घाटमा भेला भएका थिए। घाटालको कंसाबती नदी अनि मेदिनीपुरको शिलाबती नदीमा मकर स्नानका लागि श्रद्धालुहरुको व्यापक भीड देखियो। यस अवसरमा विभिन्न स्थानहरुमा मेलाको पनि आयोजन गरियो।मकर स्नानका लागि टाडा टाडाबाट मानिसहरु घाटालको शिलाबती नदी घाट पुगेका थिए। यसैगरी, बीरभूम जिल्लामा पनि अजय नदीको घाटमा श्रद्धालुहरुको भारी भीड़ देखियो। पुण्य स्नानको निम्ति हरेक बर्ष झैँ यस वर्ष पनि जयदेव केन्दुलीमा अजय नदी तटमा हजारों मानिसहरु भेला भएका थिए। भीड़लाई नियंत्रित गर्नका लागि पुलिसको व्यापक व्यवस्था गरिएको थियो।

जिल्ला पुलिस अधीक्षक अमनदीपले जानकारी दिए अनुसार, मेलामा 24 घंटा पुलिस बल तैनाथ गरिएको छ । सुरक्षाका लागि 200  भन्दा अधिक सीसीटीवी कैमरा लगाइएको छ अनि ड्रोन मार्फत सम्पूर्ण क्षेत्रमा नजर राखिएको छ। यस बाहेक 40 पुलिस बूथ अनि वॉच टावर पनि बनाइएको छ।

**मकर संक्रांति**

मकर संक्रांतिको अवसरमा गंगासागरमा आज बिहान लाखों श्रद्धालुहरुले आस्थाको डुबकी लगाएर पुण्य अर्जित गरेको छ। पुण्य स्नानको शुभ महूर्तमा देश-विदेशबाट आएका तीर्थयात्रिहरुको भीड गंगासागरमा देखिएको छ। राज्य सरकारले हालसम्म कुनै आधिकारिक आंकड़ा जारी गरेको छैन, तैपनि अनुमान अनुसार लगभग 15 लाख मानिसहरुले आस्थाको डुबकी लगाएको छ।कपिल मुनि आश्रमका महंत ज्ञान दासले जानकारी दिए अनुसार आज राती 9:19  सूर्य मकर राशिमा प्रवेश गरेपछि पुण्य स्नानको शुरुआत हुनेछ अनि भोलि दिउँसो 1:20  सम्म जारी रहने छ। यसकारण मूल रूपले भोलि बिहानदेखि मकर संक्रांतिको पुण्य स्नान अधिक हुनेछ।

**मुख्यमंत्री शुभकामना**

पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले आज सोशल मीडिया मंच ‘एक्स’ मा देशको विभिन्न भागमा मनाइने प्रमुख पर्व पोंगल अनि माघ बिहूको अवसरमा शुभकामना दिनुभयो।मुख्यमन्त्री ममता बनर्जीले भन्नुभयो, यस शुभ अवसरमा तमिल मानिसहरुको जीवनमा उत्तम स्वास्थ्य, खुसी अनि समृद्धि लिएर आउनेछ। उहाँले कामना गर्नुभयो कि यो पर्वले सबैको जीवनमा आनंद अनि सौभाग्य संचार गर्नेछ।

माघ बिहूको अवसरमा मुख्यमंत्रीले भन्नुभयो, यो रंग-बिरंगी पर्वले मानिसहरुको जीवनमा नयाँ उमंग अनि उत्साह लिएर आउने छ।

**राजु बिष्ट/अनित थापा शुभकामना**

मकर संक्रांति पावन अवसरमा दार्जीलिङका सांसद राजु बिष्टले शुभकामना दिनु भएको छ। श्री बिष्टले सोसियल मिडिया पोष्टमा भन्नुभयो, दार्जिलिंग हिल्स, तराई अनि डुआर्स समेत समस्त देशवासिलाई हार्दिक शुभकामना एवं मंगलकामना व्यक्त गर्दछु।उहाँले भन्नुभयो यो पुण्य पर्व सूर्य देवको उत्तरायण हुने प्रतीक हो, जसले जीवनमा नव ऊर्जा, सकारात्मकता अनि समृद्धिको संदेश दिदँछ। यो पर्वले प्रकृति प्रति कृतज्ञता, सामाजिक सौहार्द अनि पारंपरिक मूल्यलाई सुदृढ़ गर्ने बताउनु भयो । यसैगरी गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले पनि सोसियल मिडिया पोष्ट मार्फत शुभकामना दिनु भएको छ।

**पश्चिम बंगाल निपाह भाइरस**

उत्तर 24 परगनाको बारासात स्थित एक निजी अस्पतालमा निपाह वायरसबाट संक्रमित दुइ नर्सहरुको अवस्था अत्यंत गंभीर रहेको बताइएको छ। दुवै नर्सहरु हाल वेंटिलेशनमा छन । **यसका साथै** भाइरसबाट संक्रमित भएको आशंकामा थप दुई व्यक्तिलाई कोलकाताको बेलियाघाटा आईडी अस्पतालमा भर्ना गरिएको छ । अस्पतालका अधिकारी अनुसार बिरामीहरू पहिले भाइरसको लागि सकारात्मक परीक्षण गरिएका दुई नर्सहरूसँग निकट सम्पर्कमा आएपछि अस्पताल भर्ना गरिएको थियो। स्वास्थ्य विभागले संक्रमितको नजिक रहेकाहरुको व्यापक कन्ट्याक्ट ट्रेसिङ सुरु गरेको छ । विभागभित्रका स्रोतका अनुसार करिब ५० जनाको नमुना संकलन गरी परीक्षणका लागि पुणेस्थित नेसनल इन्स्टिच्युट अफ भाइरोलोजीमा पठाइएको छ ।

यस मामिलामा केंद्रीय स्वास्थ्य मंत्री जेपी नड्डाले मुख्यमंत्री ममता बनर्जीसित बात गर्दै हर संभव सहयोगको आश्वासन दिनु भएको छ।

घटना अघि आउन बितिकै राज्य सरकारले कसरत शुरु गरेको छ। राज्य अनि केंद्रको स्वास्थ्य विभाग विशेषज्ञ डॉक्टरहरुको टीमले बारासातको अस्पतालको निरीक्षण गरेको छ। यसका साथै यी नर्सहरु कसरी संक्रमित भए सो बारे पनि जांच भइरहेको छ| उनीहरुको परिवार अनि संपर्कमा आएका मानिसहरुलाई पनि मॉनिटरिंगमा राखिएको छ।

स्वास्थ्य विभागले ‘संपर्क जांच’ को काम तिब्र गरेको छ। विभागका अधिकारीले आज बिहान बताए अनुसार आपात स्थितिसित जुझ्न कोलकाताको बेलियाघाटा संक्रामक रोग अस्पताल पूर्ण रुपमा तयार राखिएको छ। सूत्र अनुसार, संक्रमित नर्सहरु केही दिन अघि पूर्व बर्धमान जिल्लाको कटवा गएका थिए।

**कलकत्ता हाइकोर्ट**

कलकत्ता हाइकोर्टले IPAC रेड मामिलामा आज TMC को याचिका खारिज गरेको छ। पार्टीले आरोप लगाएको थियो, जांच एजेंसी (ED) ले 8 जनवरीको दिन IPAC को IT हेड प्रतीक जैनको ऑफिसमा रेड गरेर केही कागजात जफत गरेको थियो। यसै प्रकरणमा जांच एजेंसीका वकील ASG राजूले ऑन रिकॉर्ड भनेका थिए एजेंसीले पार्टी दफ्तरबाट केही जफत गरेको छैन। कोर्टले भनेको छ , जब ईडीले केही जफत नगरेको बताएपछि अब यस मामिला सुनवाईको निम्ति केही रहेको छैन त्यसर्थ याचिका खारिज गरिएको छ।

**Sir पश्चिम बंगाल**

राज्यमा चलीरहेको विशेष गहन पुनरीक्षण अवधि हालसम्म11 हजार भन्दा अधिक 'अवैध' मतदाताहरुको पहिचान गरिएको छ। जिल्लागत आंकड़ा अनुसार नदिया जिल्लामा यस्ता मतदाताहरुको संख्या सबैभन्दा अधिक दर्ता गरिएको छ , जबकि बांकुड़ा अनि कोलकाताको दक्षिणी भागबाट हालसम्म एक पनि अवैध मतदाता भेटिएको छैन।

चुनाव आयोगको तर्फबाट जारी आंकड़ा अनुसार, एसआईआर प्रक्रिया अन्तर्गत  हालसम्म नौ लाख 30 हजार 993 मतदाताहरुको सुनुवाई पुरा भइसकेको छ अनि विवरण ऑनलाइन अपलोड गरिएको छ। दस्तावेजहरुको  सत्यापन अनि सुनुवाही पछि निर्वाचन पंजीकरण अधिकारिहरुले 11 हजार 472 मतदाताहरुलाई 'अवैध' घोषित गरेको छ, जसको नाम अंतिम मतदाता सूचीबाट हटाइने छ । उल्लेखनीय छ निर्वाचन पंजीकरण अधिकारी राज्य सरकार अधिनस्थ कर्मचारी हुने गर्छ।

एसआईआरको उद्देश्य मतदाता सूचीलाई शुद्ध अनि त्रुटिरहित बनाउनु हो। यस प्रक्रिया अन्तर्गत हालसम्म राज्यमा कुल 65 लाख 78 हजार 058 नोटिस तयार गरिएको छ , जस मध्ये 32 लाख 49 हजार 091 नोटिस जारी गरी सकिएको छ। जिल्लागत आंकड़ा अनुसार, नदियामा सबैभन्दा अधिक 9,228 अवैध मतदाता पाइएको छ। यसको विपरीत, कोलकाताको दक्षिणी भागमा एक लाख 36 हजार 561 नोटिस जारी भएपनि एकजना पनि अवैध मतदाता पाइएको छैन। बांकुड़ा जिल्लामा पनि एक लाख 63 हजार 357 नोटिस जारी गरिए तापनि हालसम्म  कुनै अवैध मतदाता भेटिएको छैन।

अन्य जिल्लाहरुमा कूचबिहारमा 10, जलपाईगुड़ीमा चार, दार्जिलिंग अनि उत्तर दिनाजपुरमा दुइ दुइ, दक्षिण दिनाजपुरमा 195 अवैध मतदाता चिन्हित गरिएको छ। मालदामा 15, मुर्शिदाबादमा 68, उत्तर 24 परगनामा 147 अनि दक्षिण 24 परगनामा 69 मतदाताहरुलाई अवैध पाइएको छ । कोलकाताको उत्तरी भागमा 54, हावड़ामा 26, हुगलीमा 989 अनि पूर्व मेदिनीपुरमा दुइ यस्ता मतदाता चिन्हित गरिएको छ। पश्चिम मेदिनीपुरमा 105, पुरुलियामा 44, पूर्व बर्दवानमा 167 अनि बीरभूममा 264 अवैध मतदाता दर्ता गरिएको छ। पहाड़ी अनि वनवासी जिल्लाहरुमा अलीपुरद्वारमा नौ, कलिम्पोंगमा 65, झारग्राममा तीन अनि पश्चिम बर्दवानमा चार अवैध मतदाता पाइएको छ।

## दोहोरो नागरिकताको आरोपमा पक्राउ

इंडो-नेपाल सीमामा सशस्त्र सीमा बल (एसएसबी)ले एक नेपाली नागरिकलाई दोहोरो नागरिकताको आरोपमा पक्राउ गरेको छ। पक्राउ परेका व्यक्ति सिक्किमदेखि पानीटंकी स्थित इंडो-नेपाल सीमा हुँदै  नेपाल प्रवेश गर्ने प्रयास गरिरहेका थिए। एसएसबीले आरोपिलाई खोरीबाड़ी थानाको पुलिसलाई हस्तान्तरण गरेको छ।सूत्र अनुसार, सीमामा तैनाथ एसएसबी जवानहरुको संदेहको आधारमा एक नेपाली नागरिकलाई जांच गर्दा उनीबाट नेपालको नागरिक पहचान पत्र अनि भारतीय वोटर कार्ड बरामद भएको थियो।

## ब्राउन शुगर जफत

सिलीगुड़ीमा स्पेशल ऑपरेशन ग्रुप (एसओजी) अनि माटीगाड़ा थाना पुलिसले ठुलो सफलता हासिल गर्दै ब्राउन शुगर तस्करीको कोशिशलाई असफल गरेको छ। पुलिसले मालदा जिल्लाको कालियाचक देखि सिलीगुड़ी ल्याउदै गरेको 483 ग्राम ब्राउन शुगर जफत गरेको छ। यसका साथै एक मादक तस्करलाई पक्राउ गरेको छ। आरोपी  माटीगाड़ाको शिमुलतला क्षेत्रका निवासी रहेको थाहा लागेको छ।

पुलिस सूत्र अनुसार, गुप्त सूचनाको आधारमा हिजो अबेर राती माटीगाड़ा बाजार क्षेत्रमा एसओजी अनि माटीगाड़ा पुलिसले संयुक्त अभियान चलाएको थियो। अभियान अवधि एक संदिग्धको चार चक्के  वाहनमा खोजि गर्दा एक पैकेटबाट कुल 483 ग्राम ब्राउन शुगर बरामद गरियो। पुलिसले आरोपि बिरुद्ध एनडीपीएस एक्ट अनतर्गत मामिला दर्ता गरेको छ।

## मंगर पूजा तथा माघे सङ्क्रान्ति

मिरिक महकुमा अन्तर्गत पर्ने तराई क्षेत्रको पानीघट्टा कदमा मोडमा मिरिक तराई शाखाको आयोजनामा मंगर पूजा तथा माघे सङ्क्रान्ति २०२६ भव्य र श्रद्धापूर्वक पालन गरियो।उक्त अवसरमा परम्परागत विधि अनुसार मंगर पूजा सम्पन्न गरिनुका साथै माघे सङ्क्रान्तिको सांस्कृतिक महत्त्वमाथि प्रकाश पारिएको थियो। कार्यक्रममा स्थानीय समाजसेवी, बुद्धिजीवी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो। आयोजक संस्थाले यस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रमले समुदायबीच आपसी सद्भाव, एकता र परम्पराको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन्।

**क्रामाकपाद्वारा पोष्टरिङ्ग**

क्रामाकपा कालीझोडा शाखाद्वारा राष्ट्रिय राजमार्ग १० अन्तर्गत २० माइल, लोहापुल, रम्बी बजार, टिस्टा बजार अनि चित्रे फाटक सम्म आगमी ९ अनि १० फरवरिमा दिल्लीको जन्तर मन्तरमा धर्ना कार्यक्रमको पोष्टरिङ गरियो।गोर्खाहरुको दीर्घ दिनदेखिको अलग राज्य गोर्खाल्यान्ड गठनको दावीलाई विगत १६ वर्षदेखि समाधान गरिदिने केन्द्र सरकारको प्रतिबद्धताको सम्झना दिलाउन आगामी फरवरीमा संसदको शीतकालीन सत्रको समय क्रामाकपाले दुइदिने (९ अनि १० फरवरी २६) संसद धर्ना कार्यक्रम गरिरहेछ। यसैले सम्पूर्ण जनगणमा उक्त धर्ना कार्यक्रमलाई सहयोग पुर्याउने अपिल पनि गरिरहेको छ।

**गुप्तेश्वर धाममा पुराण हुने**

गोरुबथानको सबैभन्दा पुरानो र प्राकृतिक रुपमा रहेको गुप्तेश्वर धाममा गत दुइ दसकदेखि शिबरात्रीको अवसरमा पुराणको आयोजना गरिन्दै आइरहेको छ। यस वर्ष पनि गुप्तेश्वर धाम सेवा समितिको तत्वावधानमा आगामी ८ फरवरी आइतबारको दिनदेखि खुबै भव्यताको साथमा सप्ताहव्यापी पुराण हुने जानकारी गुप्तेश्वर धाम सेवा समितिको सभापति संजिब सुनारले दिएका छन्।

****** ० ******